कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

सबैका लागि सधैका लागि

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
प्रधान कार्यालय : दरवारमार्ग, काठमाडौं, पो.ब.नं.२११२८ काठमाडौं ।
फोन नं.: ४२२१३११, ४२२६६२९, ४२२६६८०, फ्याक्स नं.: ४२२६६४४
email : info@kumaribank.com, website : www.kumaribank.com

प्रति साधारण शेयर रु.१००/- अंकित दरको १,१९,३८,९९१.६५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७५/१/२८ गते
निष्काशन बन्द हुने मितिः २०७५/२/३१ गते
(बैकिङ्ग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

बैंकको हाल कायम चुक्ता पूँजी रु.५,९६,९४,९५,७५३/- को दश शेयर बराबर दुई शेयर (१० : २) को अनुपातमा रु.१००/- अंकित दरका १,१९,३८,९९१.६५ कित्ता हकप्रद साधारण शेयर मिति २०७५/१/०९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : कुमारी बैंक लिमिटेड (KUMARI BANK LIMITED) ।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डौ महा-महानगरपालिका १, दरवारमार्ग, काठमाण्डौमा रहेको छ ।

३. कारोवार स्थान :

यस बैंकको कारोवार गर्ने मुख्य स्थान का.जि., का.म.न.पा. वडा नं. १ दरवारमार्ग, काठमाडौंमा प्रधान कार्यालय रहेको छ ।

शाखा कार्यालय	शाखा कार्यालय	शाखा कार्यालय	शाखा कार्यालय	शाखा कार्यालय
१. पुतलीसडक, काठमाण्डौ	२. नयाँ सडक, काठमाण्डौ	३. दरवारमार्ग, काठमाडौं	४. पुरानो बानेश्वर, काठमाण्डौ	५. चावहिल, काठमाण्डौ
६. कोटेश्वर, काठमाण्डौ	७. बुढानिलकण्ठ, काठमाण्डौ	८. पाको, काठमाण्डौ	९. कालिमाटी, काठमाण्डौ	१०. कलंकी, काठमाण्डौ
११. थली, काठमाण्डौ	१२. चावहिल चोक, काठमाण्डौ	१३. कमलादी, काठमाण्डौ	१४. थापाथली, काठमाण्डौ	१५. नयाँ बानेश्वर, काठमाण्डौ
१६. सानो भऱ्याङ, काठमाण्डौ	१७. गोल्फुटार, काठमाण्डौ	१८. खिचापोखरी, काठमाण्डौ	१९. बिजिमल, गोंगबु, काठमाण्डौ	२०. गोंगबु, काठमाण्डौ
२१. कुमारीपाटी, ललितपुर	२२. मंगलबजार, ललितपुर	२३. सातदोबाटो, ललितपुर	२४. बीरगञ्ज, पर्सा	२५. सुख्खा बन्दरगाह, बीरगञ्ज, पर्सा
२६. विराटनगर, मोरङ्ग	२७. उर्लाबारी, मोरङ्ग	२८. इटहरा रोड, मोरङ्ग	२९. पोखरा शाखा	३०. चिप्लेढुंगा, पोखरा
३१. इटहरी, सुनसरी	३२. नारायणगढ, चितवन	३३. पुल्चोक, चितवन	३४. सौराहा, चितवन	३५. बिर्तामोड, झापा
३६. दमौली, तनहुँ	३७. बाग्लुङ	३८. हलन चोक, बाग्लुङ	३९. बुटवल, रुपन्देही	४०. भैरहवा, रुपन्देही
४१ सिद्धार्थ रोड, रुपन्देही	४२. शुक्रपथ, बुटवल, रुपन्देही	४३. ड्राइभर टोल, रुपन्देही	४४. डडेल्धुरा	४५. कावासोती, नवलपरासी
४६. तुल्सीपुर, दाङ	४७. बि.पि. चोक, दाङ	४८. खलंगा, सल्यान	४९. कपुरकोट, सल्यान	५०. कोहलपुर, बाँके
५१. नेपालगंज, बाँके	५२. कैलाली, धनगढी	५३. पार्कमोड, धनगढी	५४. अत्तरिया, कैलाली	५५. बीरेन्द्रनगर, सुर्खेत
५६. मेहलकुना, सुर्खेत	५७. बाबियाचौर, सुर्खेत	५८. सुर्खेत	५९. ओखलढुंगा	६०. निजगढ, बारा
६१. महेन्द्रनगर, धनुषा	६२. मुसिकोट, रुकुम	६३. बेनी, म्याग्दी	६४. न्यूरोड, म्याग्दी	६५. नाम्चे, सोलुखुम्बु
६६. रिडी, गुल्मी	६७. पाल्पा	६८. स्याङजा	६९. कुश्मा, पर्वत	७०. शिवालय, पर्वत
७१. कञ्चनपुर	७२. झलारी, कञ्चनपुर	७३. चाँदनी दोधारा, कञ्चनपुर	७४. बेलौरी, कञ्चनपुर	

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

(क) यस बैंक तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम मिति २०५६/०८/२४ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अनुसार मिति २०५७/१२/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी "क" वर्गको बैंकको हैसियतले २०५७ साल चैत्र २१ गतेदेखि आफ्नो वित्तीय कारोबार संचालन गर्दै आएको छ ।
(ख) देशका प्रतिष्ठित व्यक्तिहरु, अर्थविद, उद्योगपति एवं व्यावसायिक नेपाली संस्थापकहरुको लगानीमा देशमा अत्याधुनिक तथा स्तरीय बैंकिङ्ग सेवाको आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्य राखि बाणिज्य बैंकको रुपमा यस बैंकको स्थापना भएको हो ।

संगठित संस्थाको उद्देश्य : नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही बैंकिङ्ग व्यवसाय (वित्तीय कारोबार) गर्ने यस बैंकको मुख्य उद्देश्य देहाय अनुसार रहेको छ :

(अ) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,
(आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरीक्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणको लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
(ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजीः यस बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १०,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ख) जारी पूँजीः यस बैंकको जारी पूँजी रु.७,१६,३३,९४,९०३/- (अक्षरेपी सात अर्ब सोह्र करोड तेतिस लाख चौरान्नब्बे हजार नौ सय तीन) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले ७,१६,३३,९४९.०३ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ग) चुक्ता पूँजीः हाल यसबैंकको चुक्ता पूँजी रु.५,९६,९४,९५,७५३/- (अक्षरेपी पाँच अर्ब छ्यान्नब्बे करोड चौरान्नब्बे लाख पन्चान्नब्बे हजार सात सय त्रिपन्न) रहेको छ,जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ५,९६,९४,९५७.५३ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु.७,१६,३३,९४,९०३/- (अक्षरेपी सात अर्ब सोह्र करोड तेतिस लाख चौरान्नब्बे हजार नौ सय तीन) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	साधारण शेयर संख्या	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३६५२०८८८.१६	५१	३६५२०८८८१६	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	३५११३०६०.८७	४९	३५११३०६०८७	शतप्रतिशत
	जम्मा	७१६३३९४९.०३	१००.००	७१६३३९४९०३	शतप्रतिशत

७. सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव	प्रतिनिधित्व समूह
१.	श्री सन्तोष कुमार लामा का.म.न.पा. वडा नं.५ विशालनगर, काठमाण्डौ	अध्यक्ष	एस.एल.सी.	एटलस ट्राभल्स एण्ड टुर्स प्रा.लि., एटलस इन्टरनेशन रिलोकेशन प्रा.लि.मा ३० वर्ष भन्दा बढीको अनुभव ।	संस्थापक
२.	उत्तम प्रसाद भट्टराई का.म.न.पा. वडा नं. २, गैरिधारा, काठमाण्डौ	संचालक	स्नातक (आर्टस)	क्लियरिङ्ग एण्ड फर्वाडिङ विजनेश सम्बन्धि व्यापारमा २० वर्ष भन्दा बढीको अनुभव ।	संस्थापक
३.	श्री नरेश दुगड का.म.न.पा. वडा नं. १, नक्साल, काठमाण्डौ	संचालक	स्नातक (कमर्स)	खाद्य तथा निर्माण उद्योग लगायत विविध व्यापार, व्यवसायमा आवद्ध भई २० वर्ष भन्दा बढीको अनुभव ।	संस्थापक
४.	श्री विनोद दवाडी ललितपुर उपमहानगरपालिका लगनखेल, ललितपुर	संचालक	स्नातक (इन्जिनियरिङ्ग)	एमपि दवाडी एण्ड एशोशिएट्स, निर्माण डिजाइन सम्बन्धी इन्जिनियरिङ कन्सल्टेन्सी सम्बन्धी १५ वर्ष भन्दा बढीको अनुभव ।	संस्थापक
५.	डा. शोभाकान्त ढकाल नागार्जुन नगरपालीका वडा नं. १, काठमाण्डौ	संचालक	स्नातक (आइओएम, टियु)	मेडिकल डाक्टरको रुपमा शिक्षण अस्पतालमा कार्य गरेको अनुभव, रियल स्टेट व्यवसायमा आवद्ध भई ३० वर्ष भन्दा बढीको अनुभव ।	सर्वसाधारण
६.	श्री पुनराम भण्डारी का.म.न.पा. वडा नं. ३१ पुतलीसडक, काठमाण्डौ	संचालक	स्नातक (सूचना प्रविधि)	एटिएम होल्डिङ नेपाल प्रा.लि.मा ८ वर्ष भन्दा बढीको अनुभव ।	सर्वसाधारण
७.	श्री कृष्ण प्रसाद ज्ञवाली टोखा नगरपालिका-१०, काठमाण्डौ	संचालक	स्नातक	ट्राभल एण्ड टुर्स तथा मनि ट्रान्सफर सम्बन्धी क्षेत्रमा १२ वर्ष भन्दा बढीको अनुभव ।	सर्वसाधारण

नोटः नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट नियुक्त हुने व्यावसायिक सञ्चालक १ (एक) हाल नियुक्त हुन बाँकी रहेको छ ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : श्री सुरेन्द्र भण्डारी **ठेगाना** : मानभवन, ललितपुर **योग्यता** : स्नातकोत्तर
अनुभव : नबिल बैंक उच्च व्यवस्थापकिय तहमा करिव १५ वर्ष, प्रमुख कार्यकारी अधिकृतको रुपमा कुमारी बैंक लिमिटेडमा ८ वर्ष, प्रमुख कार्यकारी अधिकृतको रुपमा सिद्धार्थ बैंक लिमिटेडमा ९ वर्ष र हाल कुमारी बैंक लिमिटेडमा श्रावण २०७४ देखि प्रमुख कार्यकारी अधिकृतको अनुभव सहित बैंकिङ्ग क्षेत्रमा ३० वर्ष भन्दा बढीको बैंकिङ्ग अनुभव ।

८. संचालक समितिको बनौट :

यस बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने	४ (चार) जना
सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने	३ (तीन) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट समितिले नियुक्त गरेको व्यावसायिक सञ्चालक	१ (एक) जना
जम्मा	८ (आठ) जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.५,९६,९४,९५,७५३/- को दश शेयर बराबर दुई शेयर (१० : २) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर)को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,१९,३८,९९,१६५/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,१९,३८,९९१.६५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर दुई शेयर (१० : २) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयरको लागि आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	आ.ब. ०७४/०७५ दोश्रो त्रैमासिक	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३			आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. शेयर पूँजी	२,४३१,६८२	२,६९९,१६७	३,२६५,९९२	५,९६९,४९६	५,९६९,४९६	८,०००,३८१	८,०००,३८१	८,०००,३८१
२. जगेडा तथा कोषहरु	५३४,९२४	६४८,१५०	७६७,६०२	२,११०,७४०	२,५९०,९४७	२,२७०,२८२	३,५६३,१०५	५,०३४,०८४
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	२०१,९५२	३२८,०००		७,२१७	३२३,७७६	-	-	-
५. निक्षेप दायित्व	२७,५७८,३७६	३३,४२१,९११	३७,९५०,५२५	५२,०३७,३८७	५७,६८०,९५७	६८,३५५,४७१	८१,३४३,०१०	९५,९८४,७५२
६. भुक्तानी दिनु पर्ने बिलहरु	२२,४२९	३२,७८२	५२,०५८	४०,८१७	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	३१,७५५	१४,०७८	२९,७८६	-	-	-	-	-
८. आयकर दायित्व	-	-						
९. अन्य दायित्व	२१९,४८३	२३०,४२३	३५०,५४२	८२८,२७१	१,८२४,६९३	३,११०,६६६	३,८१८,४३३	४,३९१,३५२
कुल दायित्व	३१,०२०,६०२	३७,३७४,५११	४२,४१६,५०७	६०,९९३,९३०	६८,३८९,७७०	८१,७३६,८०१	९६,७२४,९२९	११३,४१०,५६९

सम्पत्ति	वास्तविक (रु.हजारमा)			आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	आ.ब. ०७४/०७५ दोश्रो त्रैमासिक	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३			आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. नगद मौज्दात	७७७,८३६	८२९,४६३	८६१,१८६	१,४२०,६०५	-	-	-	-
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,८२९,३५०	३,३४९,००१	३,१०४,४८४	४,९१०,८०१	-	-	-	-
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	२८८,४९९	८१२,५०९	५४५,५२४	१,४४१,५४७	६,०५२,८५२	६,१५१,९९२	७,३२०,८७१	८,६३८,६२८
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५०७,४७८	४३६,८८०	१,६००,०००	५१५,५००	७६३,५१८	-	-	-
५. लगानी	३,१६४,६२५	४,८६२,५९०	६,१४२,९६६	७,५२४,६८५	८,५२९,८३५	१४,२८३,०८६	१५,७११,३९५	१७,२८२,५३४
६. कर्जा सापट तथा बिल खरिद	२१,८९८,११५	२६,२४६,०३८	२९,४८६,५०५	४४,०८८,०४९	५०,९२४,४०५	५८,८८३,९८७	७०,६६०,७८४	८३,३७९,७२५
७. स्थिर सम्पत्ति	२३५,७७६	२५९,४६३	२६५,४१४	३५८,०६७	३८०,४३९	७४६,१७७	७०७,१६५	६७५,१७५
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	३१८,९२१	५७८,५६३	४१०,४२६	७३४,६७२	१,७३८,८२०	१,६७१,५५९	२,३२४,७१५	३,४३४,५०७
कुल सम्पत्ति	३१,०२०,६०२	३७,३७४,५११	४२,४१६,५०७	६०,९९३,९३०	६८,३८९,७७०	८१,७३६,८०१	९६,७२४,९२९	११३,४१०,५६९

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	आ.ब. ०७४/०७५ दोश्रो त्रैमासिक	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३			आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	२,४१०,७८४	२,४३३,१३१	२,६९२,४८९	३,५९६,६५१	२,९३२,१८८	६,५०६,४२१	६,८८९,४२६	८,१२९,५२३
२. ब्याज खर्च	१,५७५,३१२	१,५०७,३६५	१,५१७,०५६	२,२९९,२७७	२,११०,५१७	४,१५७,४६४	४,०६७,१५१	४,८९५,२२२
खुद ब्याज आम्दानी	८३५,४७३	९२५,७६६	१,१७५,४३३	१,२९७,३७३	८२१,६७१	२,३४८,९५७	२,८२२,२७६	३,२३४,३०१
३. कमिशन तथा डिस्काउण्ट	१८८,७२५	१५४,६३५	१६६,८४७	२०८,७२८	१४४,३२४	३५२,३२७	४०५,१७६	४६५,९५२
४. अन्य संचालन आम्दानी	५६,९४५	४७,६६८	६२,७७८	७४,०४३	३६,७४७	१८४,११४	२११,७३१	२४३,४९०
५. सटही घटबढ आम्दानी	८५,१५५	९५,२५१	१०८,९८८	१०६,४४९	७४,२२८	१४७,९४४	१८४,९३०	२३१,१६२
कुल संचालन आम्दानी	१,१६६,२९८	१,२२३,३२०	१,५१४,०४५	१,६८६,५९४	१,०७६,९७१	३,०३३,३४२	३,६२४,११२	४,१७४,९०६
६. कर्मचारी खर्च	२२१,७०१	२८४,२५७	३१६,५७१	३६७,०७६	२९५,९५९	६६९,९६५	८०३,९५८	९६४,७४९
७. अन्य संचालन खर्च	२४०,१२१	२५३,८२३	२६४,५३९	२९२,३४३	१९४,३४४	५८३,३११	६७०,८०८	७७१,४२९
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको संचालन मुनाफा	७०४,४७६	६८५,२४०	९३२,९३६	१,०२७,१७४	५८३,६६८	१,७८०,०६६	२,१४९,३४७	२,४३८,७२७
९. सम्भावित नोक्सानी	२३६,३१२	२८४,४९२	१७८,०२८	२१०,४४१	२४१,०८२	१४३,७३५	११७,७६८	१२७,१८९
संचालन मुनाफा/(नोक्सान)	४६८,१६५	४००,७४८	७५४,९०८	८१६,७३३	३४५,५८६	१,६३६,३३१	२,०३१,५७९	२,३११,५३८
१०. गैर संचालन आम्दानी/(नोक्सान)	२,५४०	(७,०२१)	(३१,७८२)	१६,६२५	३०,३६५	-	-	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	७६,१५१	२२८,६८८	४३२,०१९	२८६,१४०	३७८,६५९	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	५४६,८५६	६२२,४१६	१,१५५,१४४	१,११९,४९८	७५४,६१०	१,६३६,३३१	२,०३१,५७९	२,३११,५३८
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	५४६,८५६	६२२,४१६	१,१५५,१४४	१,११९,४९८	७५४,६१०	१,६३६,३३१	२,०३१,५७९	२,३११,५३८
१३. कर्मचारी बोनस व्यवस्था	४९,७१४	५६,५८३	१०५,०१३	१०१,७७२	६८,६०१	१४८,७५७	१८४,६८९	२१०,१४०
१४. आयकर ब्यवस्था	१५५,४८७	१७१,०४४	३३४,०६७	३५८,९०४	२०५,८०३	४४६,२७२	५५४,०६७	६३०,४१९
यस वर्षको	१४८,१७३	१६९,०२६	३३०,०६६	३१२,४६७	-	-	-	-
गत वर्षको	५,२९८	-	७,७५४	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	२,०१४	२,०१७	(३,७५४)	४४,५१६	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	३४१,६५५	३९४,७८८	७१६,०६५	६६०,७४१	४८०,२०६	१,०४१,३०२	१,२९२,८२३	१,४७०,९७९
शेयर संख्या (हजारमा)	१८,२८३.३२	२४,३१६.८२	२६,९९१.६७	५९,६९४.९६	५९,६९४.९६	८०,००३.८१	८०,००३.८१	८०,००३.८१
प्रति शेयर आम्दानी (रु.)	१८.६९	१६.२४	२६.५३	११.०७	१६.०९	१३.०२	१६.१६	१८.३९

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु.हजारमा)			आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५ दोश्रो त्रैमासिक	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३			आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
चुक्ता पूँजी	१,८२८,३३२	२,४३१,६८२	२,६९९,१६७	५,९६९,४९६	५,९६९,४९६	८,०००,३८१	८,०००,३८१	८,०००,३८१
बोनस शेयर निष्कासन	६०३,३५०	२६७,४८५	५६६,८२५					
जगेडा तथा कोषहरु	५३४,९२४	६४८,१५०	७६७,६०२	२,११०,७४०	२,५९०,९४७	२,२७०,२८२	३,५६३,१०५	५,०३४,०८४
कुल	२,९६६,६०६	३,३४७,३१६	४,०३३,५९४	८,०८०,२३६	८,५६०,४४३	१०,२७०,६६३	११,५६३,४८६	१३,०३४,४६५
घटाउनेः अपलेखन गर्न बाँकी खर्च								
कुल नेटवर्थ	२,९६६,६०६	३,३४७,३१६	४,०३३,५९४	८,०८०,२३६	८,५६०,४४३	१०,२७०,६६३	११,५६३,४८६	१३,०३४,४६५
शेयर संख्या (हजारमा)	२४,३१७	२६,९९२	५९,६९५	५९,६९५	५९,६९५	८०,००४	८०,००४	८०,००४
प्रति शेयर नेटवर्थ (रु.)	१२२.००	१२४.०१	६७.५७	१३५.३६	१४३.४०	१२८.३८	१४४.५४	१६२.९२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	११.५२%	११.७९%	१७.७५%	८.१८%	११.२२%	१०.१४%	११.१८%	११.२९%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				९.०६%				

नोटः आ.ब.०७३/०७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरणहरु लेखापरीक्षण भई नेपाल राष्ट्र बैंकमा स्वीकृतीका लागि पेश गरिएको र ब्यवस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।
माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था S. Dangol & Associates का चार्टर्ड एकाउन्टेण्ट श्री सुमन डंगोल रहेकोछ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस बैंकको सञ्चालनको इतिहास करिव १७ (सत्र) वर्षको रहेको छ । बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस बैंकको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरणः

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु.हजारमा)
०७१/०७२	६७२	२९५	३९५	३०४५.१६
०७२/०७३	५२०	३५३	३८५	२२१०.००
०७३/०७४	६४०	३०९	३३५	४८६२.७०
महिना	**अधिकतम शेयर मूल्य (रु.)**	**न्यूनतम शेयर मूल्य (रु.)**	**अन्तिम बजार मूल्य (रु.)**	**शेयर कारोबार संख्या (रु.हजारमा)**
२०७४ माघ	२८६	२६५	२६८	५०१.१०
२०७४ फाल्गुण	२९०	२५५	२६८	५४५.१३
२०७४ चैत्र	२६८	२१९	२६५	६०५.८९

द्रष्टव्यः यस बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइने छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य व्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७३ साल चैत्र ९ गतेको १६ औं बार्षिक साधारण सभाबाट हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि बैंकको शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी आधारलाई मजबुत तुल्याउ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम रु.
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु.८,३५,७२,९००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिब रु.८९,५४,२४,५६५/-
३.	शाखा विस्तार	करिब रु.२,३८,७७,९००/-
४.	सरकारी ऋणपत्र	करिब रु.१९,१०,२३,८००/-
	जम्मा	करिब रु.१,१९,३८,९९,१६५/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२९०४०
२.	कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ	०१२४५२४६१७१७८०१७

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता बैंकले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा शाखा कार्यालयहरुः लालदरबार काठमाडौं, लगनखेल ललितपुर, चिप्लेढुङ्गा पोखरा, ट्राफिकचोक बुटवल, आदर्शनगर वीरगंज र गोल्छाचोक विराटनगर ।
२.	श्री कुमारी बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु ।
३.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता बैंक कुमारी बैंक लि. को वेवसाइट www.kumaribank.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी कुमारी बैंक लि.को वेवसाइट www.kumaribank.com तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा तल (Below Average Fundamentals) आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

२६. संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको संचालक तथा आधारभुत शेयरधनीहरुले जम्मा रकम रु.२४,२९,५७,४००/- भुक्तानी गरिएको ब्यहोरा अवगत गराउँछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि सधैका लागि

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	
मितिः	

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

श्री संचालक समिति,
कुमारी बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल ।

कोड नं.
शेयरधनी नं./परिचय नं.
हितग्राही खाता नं. DP ID / Client ID

महोदय,
त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/१/०९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा ……………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा बैंकले जारी गरेको दश शेयर बराबर दुई शेयर (१० : २) को अनुपातमा ……………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ……………… कित्ता तथा हक हस्तान्तरण भै आएको ……………… कित्ता गरि जम्मा……………… कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID / Client ID		
जम्मा					

प्यान नं. | प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
बैंक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नावालक
In English | Mr./Mrs./Miss/Minor | USE CAPITAL LETTER
स्थायी ठेगाना | वडा/घर नं./टोल | गा.वि.स./न.पा.
Address | Ward/House No./Tole | VDC/Municipality
जिल्ला | P.o Box No./District | नागरिकता प्र.नं./जारी भएको जिल्ला
District | Mobile/phone No.
बाबुको नाम / Father's Name
बाजेको नाम / Grandfather's Name
पति/पत्नीको नाम / Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा) / Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानुन बमोजिम लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	KUMARI BANK LIMITED				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No.
Received by:
Date: Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)